मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Executive
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

Email: makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

प.सं. (Ref.) : २०७६।७७
च.नं. (Dispatch no.) :

मिति : २०७६।१२।२७
Date :

**विषय : कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि आवश्यक सक्रियता अपनाउने सम्बन्धमा।**

श्री सबै राष्ट्रसेवक कर्मचारीहरु,
मकवानपुरगढी गाउँपालिका,

सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. विविध २०७६/७७, च.नं. ४१६ मिति २०७६।१२।२६ को पत्रानुसार विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले गरेको लकडाउनको कारण अति आवश्यक सेवा प्रदान गर्ने निकायमा कार्यरत बाहेकका अधिकाशं राष्ट्रसेवकहरु घरमै रहनु भएको सन्दर्भमा नेपाल सरकारले लागू गरेको लकडाउनलाई प्रभावकारी बनाउन सबै राष्ट्रसेवकले देहाय बमोजिम १० बुँदे निर्देशन भएकोले सोही बमोजिम गर्नु गराउनु हुन जानकारी गराइन्छ।

१. आफूभन्दा एक तह माथिको कर्मचारीसँग नियमित सम्पर्कमा रहने।
२. टेलिफोन, इन्टरनेट जस्ता सूचना प्रविधिका साधनहरु प्रयोग गरी घरमै बसेर गर्न सकिने कार्यहरु कार्यालय प्रमुखसँग समन्वय गरी सम्पादन गर्ने।
३. कोभिड-१९ भाइरसबाट आफू सुरक्षित रहने तथा आफ्नो परिवारका सदस्य र आफ्नो सम्पर्कमा रहेका व्यक्तिहरुलाई नेपाल सरकारले दिएका निर्देशनको पूर्ण पालना गर्न सहयोग र सहजीकरण गर्ने,
४. आफू बसेको स्थान वरिपरी लकडाउन लागू भएको मितिपछि कोभिड-१९ प्रभावित स्थानबाट आएको व्यक्ति अनावश्यक घुमफिर गरेको पाइएमा निजलाई क्वारेन्टीनमा नबसी बाहिर हिडडुल गरेको पाइएमा सम्बन्धित वडा कार्यालयमा जाकारी गराउने। साथै सोको सूचना जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई समेत गराउने।
५. कुनै व्यक्तिमा कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जान अनुरोध गर्ने तथा आवश्यक परेको अवस्थामा वडा कार्यालय वा गाउँपालिकामा खबर गर्ने।
६. नेपाल सरकारका निकाय तथा स्थानीय तहबाट सञ्चालन गरिएका लगत संकलन, राहत वितरण जस्ता कार्यमा सहयोग पुर्‍याउने।
७. दैनिक उपभोगका वस्तुहरुको मूल्य अस्वभाविक रुपमा बढेको पाइएमा सोको जानकारी वाणिज्य आपूर्ती तथा उपभोक्ता संरक्षण विभाग/कार्यालय/प्रमुख जिल्ला अधिकारी/गाउँपालिका/नजिकको प्रहरी इकाईलाई जानकारी गराउने।
८. अनावश्यक रुपमा कुनै व्यक्तिहरुलाई घरबाहिर ननिस्किन अनुरोध गर्ने। साथै, अत्यावश्यक कामको लागि घर बाहिर निस्कँदा मास्कको प्रयोग गर्ने, सामाजिक दूरी कायम गर्ने तथा आफ्नो सम्पर्कका अन्य व्यक्तिहरुलाई समेत मास्कको प्रयोग गर्न र सामाजिक दूरी कायम गर्न प्रात्साहन गर्ने। कुनै व्यक्तिले यी विषयहरु पालना नगरेको अवस्थामा यस गाउँपालिका वा नजिकको प्रहरी इकाईलाई खबर गर्ने।
९. दैनिक उपभोग्य वस्तुहरु बिक्रि वितरण गर्ने स्थानमा सामाजिक दूरी कायम गर्ने व्यवस्था भए नभएको हेरी नभएको पाइएमा त्यस्तो दूरी कायम गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने र सो बमोजिम नगरेको पाइएमा यस गाउँपालिका वा प्रहरी एकाईमा सूचना दिने।
१०. दैनिक उपभोग्य सामाग्रीहरुको अभाव हुनसक्ने अवस्थालाई मध्यनजर गरी यस्ता वस्तुहरको मितव्ययी प्रयोग गर्ने तथा अन्य व्यक्तिहरुलाई मितव्ययी बन्न अनुरोध गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत